तिनीहरूले पनि नजात पाऊन् र अन्त्यहीन मोहब्बत, आनन्द तथा धन्यवादिताले भरिऊन् ।

निसन्देह, खुदावन्द मसिहले तपाईंका खराब बानीहरू हटाइदिन सक्नुहुन्छ ताकि तपाईं तिनको बन्धनमा बस्नु नपरोस् तर उहाँको छेवेमा रहेर जिउन पाउनुहोओस् अनि उहाँको सामर्थ्यद्वारा अति पाक जीवन जिउन सक्नुहोओस् । खुदावन्द मसिहले दिनुहुने नजात एउटा पूरा गरिएको काम हो । आफ्नो जीवन उहाँलाई सुम्पनुहोस्, त्यसका समस्याहरू, जटिलताहरू र असफलताहरू पनि । अनि उहाँले आफ्ना घाइते हातहरू तपाईंको शिरमा राखेर बरकत दिनुहुनेछ र उहाँको शान्तिको सामर्थ्य तपाईंको शरीरमा, उहाँको आनन्द तपाईंको हृदयमा र उहाँको शुद्धीकरण तपाईंको विवेकमा खन्याउनुहुनेछ । तपाईंको जीवनमा र जीवनद्वारा खुदावन्द ईसा मसिहको मोहब्बतको प्रभाव मानिसहरूले देख्नेछन् ।

अधिक जानकारीको लागि सम्पर्क ठेगाना :

**खुदाको कलाम**

जि.पि.ओ. १६१५

काठमाण्डौं, नेपाल

e-mail :khudakakalam@gmail.com

***सबैले गुनाह गरेका छन् र खुदाको जलालसम्म पुग्नदेखि चुकेका छन् । उहाँको अनुग्रह (फज्ल) ले ईसा मसिहमा भएको (उद्धार) नजातद्वारा तिनीहरू सित्तेंमा पाक ठहरिन्छन् । (रोमी ३:२३–२४)***

कोही अपरिचित व्यक्ति तपाईंलाई भेट्न आएमा तपाईंले आफ्नो घरको ढोका खोल्नुहुन्छ र उसलाई भित्र निम्त्याउनुहुन्छ । उसलाई आदरणीय व्यक्ति ठानेर तपाईंले उसलाई चिया टक्र्याउनुहुन्छ । तपाईंले उसलाई स्वागत् गर्नुहुन्छ र सहायता गर्न तत्पर हुनुहुन्छ, किनभने हरेक पाहुनालाई सत्कार तथा स्वागत गर्नु परम्परा नै हो । खराब तथा समस्याग्रस्त समयहरूमा मानिसहरूले यो नम्रता बिर्सन्छन् । यस्ता समयहरूमा धेरैजना आदरणीय व्यक्तिहरू कठोर र क्रूरसमेत हुन्छन् । भोकाहरूले चोर्नेछन्, त्रसितहरूले आफ्ना छिमेकीहरूलाई चोट पार्नेछन् । फूट र घृणाले वातावरण विषाक्त पारिदिन सक्दछन् । तीतो अनुभवको कारण तपाईंले कसैलाई पनि भरोसा गर्नुहुन्न र सबैको बारेमा खराबी सोच्नुहुन्छ । त्यसरी नै राष्ट्रहरूका बीचमा पनि निराशावाद र अन्धकारको भावना व्याप्त छ । तपाईं कस्तो हुनुहुन्छ ? तपाईंले आफ्नो (शत्रु) दुश्मनभन्दा उत्तम हुन र उसको विनाश गर्न खोज्नुहुँदा के तपाईं कहिलेकाहीँ उसलाई हेरेर मुस्कुराउनुहुन्न ?

विद्यालयमा अरूलाई के होला भनी वास्तै नगरी के तपाईं आफ्नै सफलताको बारेमा सोच्नुहुन्न र ? खाना खाने बेलामा पनि के तपाईं सबैभन्दा स्वादिष्ट खाना खोजेर खानुहुन्न र ? दुवा गर्दाखेरि पनि के तपाईं आफ्नै समस्याहरूको बारेमा गनगन गरेर धेरै समय बिताउनुहुन्न र, जबकि तपाईंले अरूका खाँचोहरूप्रति थोरैमात्र ध्यान दिनुहुन्छ ? स्वभावैले मानिस स्वार्थी, उदास हुन्छ र उसको जिब्रो खराब हुन्छ, किनभने खुदाको कृपा उसमा वास गर्दैन । अरूले तपाईंलाई हानि पुऱ्याउँदा, खुदाले तपाईंलाई मोहब्बत गर्नुभए जसरी तपाईंले तिनीहरूलाई मोहब्बत गर्नुहुन्न । हामी

सबैले गुनाहको जीवन जिउँदछौं र शैतानले ल्याउने आजमाइसहरूमा हास्दछौं । हामी खुदाका हुकुमहरू पालन गर्न चाहँदैनौं र हामीलाई सृष्टि गर्नुहुनेको बारेमा वास्ता गर्दैनौं । हामी गुनाहलाई यति मन पराउँदछौं कि हामी त्यसमै लिप्त हुन्छौं । हामी हरेक पमफी गुनेहगार छौं र पाक तथा अनन्त खुदाको क्रोधमा पन योग्यका छौं । हामीलाई आफ्ना कतिपय गुनाहहरूको चेतना होला, तर खुदाले त हाम्रा प्राणका गहिराइहरू जान्नुहुन्छ । हाम्रा सबै गुनाहहरू उहाँको सामु छर्लङ्ग छन् । उहाँको नियमले हामीलाई दोषी ठहऱ्याउँदछः "यो गुनेहगारलाई अस्वीकार गरिएको छ र ऊ हराएको छ ।"

खुदालाई शुक्रिया होस्, एकजना हुनुहुन्छ जसको स्वभाव मानिसको भन्दा भिन्दै छ। उहाँले नै हाम्रो गुनाहका बन्धनहरू चुँडालिदिनुभयो । उहाँलाई घृणा गर्नेहरूलाई उहाँले मोहब्बत गर्नुभयो र उहाँ खुदामा रहिरहनुभयो । खुदाको जलाल कहिल्यै पनि नहट्ने गरी उहाँद्वारा चम्कियो । ती बेगुनागार व्यक्ति इसा मसिह अर्थात् हाम्रा महान् खुदावन्द हुनुहुन्छ जो खुदाको (आत्मा) रुह र कन्य मर्यमबाट जन्मिनुभयो । उहाँको हृदय मोहब्बत र सत्यताले भरिएको थियो । उहाँकै बारेमा (ह्वारी) चेलाहरूले भनेः ***"अनि (वचन) कलाम शरीर हुनुभयो, अनि हाम्रा माझमा फज्ल र सत्यताले पूर्ण भएर वास गर्नुभयो, अनि हामीले पिताका एकमात्र जन्माइएका पुत्रको जलालजस्तो उहाँको (जलाल) जलाल देख्यौं"*** (यूहन्ना को इन्जिल १:१४) ।

मानिसलाई (इब्लिस) शैतानका झूटहरूबाट मुक्त पार्न र उसलाई ईश्वरीय जीवनले भर्नको लागि उहाँ संसारमा आउनुभयो । उहाँ सेवा लिन होइन तर सेवा गर्न आउनुभयो र उहाँले धेरैको मोलको रूपमा आफ्नो जीवन अर्पण गर्नुभयो ।

महान् मोहब्बत गर्दै खुदावन्द इसा मसिहले हाम्रा (गुनाह) गुनाहहरू लिनुभयो र तिनको मोल तिरिदिनुभयो । यसरी उहाँले हाम्रो सट्टामा खुदाको क्रोध सहनुभयो । हामीलाई अनन्त नोक्सानबाट जोगाउनको लागि हाम्रो सट्टामा मरेर उहाँ हाम्रा साँचो नजातदेनेवाला बन्नुभयो । उहाँले निको पार्नुभएका रोगीहरू वा पुनर्जीवित पार्नुभएका मृतकहरूबाट उहाँले ज्याला माग्नुभएन । तपाईंलाई पनि उहाँले घोषणा गर्नुहुन्छः ***"तिम्रा (गुनाह) गुनाहहरू मफी गरिएका छन् ।"*** उहाँले (रोजा) उपवास, असल कामहरू (सुन्नत) वा (कुर्बानी) बलिदानको माग गर्नुहुन्न । खुदाको शान्तिद्वारा उहाँले तपाईंलाई सान्त्वना दिनुहुन्छ र उहाँको आफ्नै अमूल्य रगतले तपाईंलाई धुनुहुन्छ । तपाईंका नजारकर्तामाथि भरोसा गर्नुहोस् र इमानले नै तपाईंको उद्धार गराएको छ भनी तपाईंले थाहा पाउनुहोस् ।

खुदाले आफ्नो भलाइ र फज्लको नजरले तपाईंलाई र सबै गुनेहगार हरूलाई हेर्नुहुन्छ भन्ने कुरा कहिल्यै पनि नबिर्सनुहोस्, तपाईं असल हुनुभएको हुनाले होइन, तर तपाईंले आफ्नो उद्धार आफैले गराउन सक्नुहुन्न भनी उहाँले जान्नुभएको हुनाले । तिनै अनन्त खुदा तपाईंलाई निराशा र महामारीको पासोदेखि उद्धार गर्न ईसा मसिहको रूपमा तपाईंकहाँ आउनुभयो । अब उहाँकहाँ आउनुहोस् । अनि तपाईंले सत्यता थाहा पाउनुहुनेछ र ईश्वरीय धार्मिकता प्राप्त गर्नुहुनेछ । खुदाले तपाईंलाई धपाउनुहुनेछैन, तर मोहब्बतपूर्वक स्वागत गर्नुहुनेछ । तपाईंले उहाँलाई संसारका नजातकर्ता भनेर भरोसा गर्नुभएको छ भने खुदाले तपाईंलाई पाक गन्नुहुन्छ ।

प्यारे दोस्त, खुदाले तपाईंलाई (मोहब्बत) मोहब्बत गर्नुहुन्छ र तपाईंलाई शुद्ध (शिफा) पार्न चाहनुहुन्छ । ढिलो नगर्नुहोस्, तर उहाँले प्रस्ताव गर्नुहुने फज्लको निम्ति उहाँलाई शुक्रिया दिनुहोस् । खुदा महान् हुनुहुन्छ र उहाँले सबैलाई उहाँको नजातद्वारा सित्तैंमा पाक ठहऱ्याउनुभएको छ भनी अरूलाई भन्नुहोस् । तपाईंको (इमान) इमानले तिनीहरूलाई रोशनी दिनुहोस् ताकि